# राष्ट्रिय महिला आयोग

## नारायणहिटी, काठमाडौं।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ तथा
सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम
सार्वजनिक गरिएको

# २०८३ वैशाखदेखि २०८३ असार मसान्त सम्मका मुख्य मुख्य क्रियाकलापहरूको विवरण सहितको त्रैमासिक प्रतिवेदन

**२०८३ श्रावण ७ गते**

## १. राष्ट्रिय महिला आयोगको स्वरूप र प्रकृतिः-

महिलाहरूको हक हितको संरक्षण र संबर्द्धन गरी महिलाहरूलाई विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ (७ मार्च २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयबाट विधिवत रूपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत्पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं. २०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्यक्षेत्र र स्वरूप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ। आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरूप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरूको नियुक्ति र अन्य दुई जना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भई आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरूलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकारः-

राष्ट्रिय महिला आयोगले देहायका कानूनी तथा प्राविधिक आधारमा प्रयोग गर्ने आफ्नो काम, कर्तव्य र अधिकारलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### क) आयोगको उद्देश्य तथा प्रमुख कार्यसूचीः

राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य निम्न बमोजिम रहेको छ;

क. महिलाको हकहित संरक्षण एवं सम्बर्द्धन गर्ने,

ख. महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्ने,

ग. महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने,

घ. लैङ्गिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरू तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

### ख) नेपालको संविधानको धारा २५३ बमोजिम काम, कर्तव्य र अधिकारः

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

राष्ट्रिय महिला आयोग हरिहरभवन, ललितपुर

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ। राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

## ग) राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम काम, कर्तव्य र अधिकार:

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानुनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) सविधान तथा कानुन प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने।

ङ) महिलाको हक हितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

## ३. आयोगको संगठन संरचना:-

आयोगको स्वीकृत संगठन संरचना तथा दरबन्दी तालिका देहायअनुरूप रहेको छ;

**सचिव**
रा प प्रथम
प्रशासन - १

| प्रशासन शाखा | उजुरी शाखा | नीति शाखा | महिला शाखा | आर्थिक प्रशासन |
|---|---|---|---|---|
| उपसचिव-१<br>रा प द्वितीय<br>प्रशासन/साप्र | उपसचिव-१<br>रा प द्वितीय<br>न्याय/कानून | उपसचिव-१<br>रा प द्वितीय<br>प्रशासन/साप्र | उपसचिव-१<br>रा प द्वितीय<br>विविध | |
| शाखा अधिकृत-२<br>रा प तृतीय<br>प्रशासन/साप्र | शाखा अधिकृत-१<br>रा प तृतीय:<br>न्याय/स.व.<br>म.सा. परामर्शदाता-१<br>छैटौं/सातौं:स्वास्थ्य | कानून अधिकृत-१<br>रा प तृतीय<br>न्याय/कानून | म.वि.अ.-१<br>रा प तृतीय<br>विविध | लेखा अधिकृत-१<br>रा प तृतीय<br>प्रशासन/लेखा |
| नायब सुब्बा–५<br>रापअनं प्रथम/ साप्र<br>कम्प्युटर अपरेटर-२<br>रापअनं प्रथम/ विविध<br>हेल्पलाइन अपरेटर-२<br>रापअनं प्रथम/ विविध | म.सा. परामर्शदाता-१<br>चौंथो/पाचौं:स्वास्थ्य | | म.वि.नि.-१<br>रा प अनं. प्रथम<br>विविध | लेखापाल-१<br>रा प अनं प्रथम<br>प्रशासन/ लेखा |
| ह.स.चा.-७<br>श्रेणीविहीन<br>का.स./माली/स्वीपर/गार्ड-७<br>श्रेणीविहीन | | | | |

**छोटकरी रूपान्तरण:**

**प्रशासन शाखा:** प्रशासन तथा योजना शाखा
**उजुरी शाखा:** उजुरी तथा मुद्दा व्यवस्थापन शाखा
**नीति शाखा:** नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा
**महिला शाखा:** महिला विकास समन्वय शाखा
**आर्थिक प्रशासन:** आर्थिक प्रशासन शाखा

राष्ट्रिय महिला आयोगले सवैधानिक हैसियत प्राप्त गरेपश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकारबाट स्वीकृत प्राप्त भएको दरबन्दी अनुसार हाल आयोगमा राजपत्राङ्कित बाह्र(१२), राजपत्रअनङ्कित बाह्र(१२) र श्रेणीविहीन चौध(१४) गरी कुल दरबन्दी अट्तीस (३८) रहेको छ। स्वीकृतमध्ये पूर्ति भएको दरबन्दी राजपत्राङ्कित बाह्र(१२) र राजपत्रअनङ्कित बाह्र(१२) गरी अट्तीस (३८) रहेको छ। श्रेणीविहीन कर्मचारीहरू सेवा करार मार्फत पूर्ति गरिएको छ।

राष्ट्रिय महिला आयोग, काठमाडौं
२०८१।८।

## क) मौजुदा दरबन्दी र पदपूर्तिको अवस्था:

| क्रसं | पदनाम | श्रेणी/तह | सेवा/समूह | दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा प प्रथम | प्रशासन/साप्र | १ | १ | ० | |
| २ | उपसचिव | रा प द्वितीय | प्रशासन/साप्र | २ | २ | ० | |
| ३ | उपसचिव | रा प द्वितीय | कानून | १ | १ | ० | |
| ४ | प्रमुख म वि अ | रा प द्वितीय | विविध | १ | १ | ० | |
| ५ | शाखा अधिकृत | रा प तृत्तीय | प्रशासन/साप्र | २ | २ | ० | |
| ६ | कानून अधिकृत | रा प तृत्तीय | न्याय/कानून | १ | १ | ० | |
| ७ | शाखा अधिकृत | रा प तृत्तीय | न्याय/स.व. | १ | १ | ० | |
| ८ | लेखा अधिकृत | रा प तृत्तीय | प्रशासन/लेखा | १ | १ | ० | |
| ९ | म वि अधिकृत | रा प तृत्तीय | विविध | १ | १ | ० | |
| १० | म.सा. परामर्शदाता | छैटौं/ सातौं | स्वास्थ्य | १ | १ | ० | कामकाज |
| ११ | नायब सुब्बा | रापअनं प्रथम | प्रशासन/साप्र | ५ | ५ | ० | |
| १२ | लेखापाल | रापअनं प्रथम | प्रशासन/लेखा | १ | १ | ० | |
| १३ | म.सा.प. | चौंथो/पाचौं | स्वास्थ्य | १ | १ | ० | कामकाज |
| १४ | म.वि.नि. | रापअनं प्रथम | विविध | १ | ० | १ | |
| १५ | क.अ. | रापअनं प्रथम | विविध | २ | २ | ० | |
| १६ | हे.अ. | रापअनं प्रथम | विविध | २ | ० | २ | कामकाज |
| १७ | ह.स.चा. | श्रेणीविहीन | | ७ | ६ | १ | |
| १८ | का.स./माली/ स्वीपर/गार्ड | श्रेणीविहीन | | ७ | ७ | ० | |
| जम्मा | | | | ३८ | ३४ | ४ | |

## ख) खबर गरौं ११४५ हेल्पलाइन सेवाको स्वीकृत अस्थायी दरबन्दी:

यस आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दूर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालबालिकालाई तत्काल सेवा उपलब्ध गराउन चौबीसै घण्टा सेवा प्रवाह गर्ने गरी नेपाल सरकारबाट बजेट व्यवस्था हुने गरी नेपाल सरकारबाट स्वीकृत अस्थायी दरबन्दीर तेरिज राजपत्राङ्कित चार(४), राजपत्रअनकित दश(१०) र श्रेणीविहीन तीन(३) गरी कुल सत्र (१७) देहायबमोजिम रहेको छ।

| क्रसं | पदनाम | श्रेणी | दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कानून अधिकृत | रा प तृतीय | २ | २ | ० | |
| २ | मनोसामाजिक विमर्शकर्ता | रा प तृतीय | १ | ० | १ | |
| ३ | सूचना प्रविधी अधिकृत | रा प तृतीय | १ | ० | १ | यसै त्रैमासमा रिक्त |
| ४ | हेल्पलाइन अपरेटर | रा प अनं. प्रथम | १० | १० | ० | |
| ५ | ह.स.चा. | श्रेणीविहीन | १ | १ | ० | |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहीन | २ | २ | ० | |
| जम्मा | | | १७ | १५ | २ | |

## ४. आयोगको शाखागत कार्य विवरण:-

### क) प्रशासन तथा योजना शाखा:

- ☐ अन्य शाखाहरूसँगको समन्वयमा व्यवस्थित रूपमा कार्यालय सञ्चालन गराउने,
- ☐ आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- ☐ कर्मचारीहरूको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- ☐ कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- ☐ तालिम, गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्य,
- ☐ पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- ☐ आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- ☐ आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ☐ पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
- ☐ सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- ☐ नागरिक वडापत्र : गुनासा सम्बन्धी कार्य,
- ☐ खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- ☐ आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- ☐ वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- ☐ आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- ☐ स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमनका निमित्त सुचकाङ्कहरू तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,
- ☐ आयोगका कर्मचारीहरूको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,

राष्ट्रिय महिला आयोग, काठमाडौं
२०८३।८।६

- ☐ तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- ☐ हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन सञ्चालित खबर गरौं ११४५ हेल्पलाईन सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- ☐ अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरू गर्ने ।

### ख) महिला विकास समन्वय शाखाः

- ☐ स्थानीय तहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्न एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- ☐ लैङ्गिक सम्पर्क बिन्दुहरूको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरूको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- ☐ महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरू सम्बन्धी कार्य,
- ☐ महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- ☐ महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,
- ☐ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरू, अभिभावकहरूको सहभागिता बढाउने कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- ☐ विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरूको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- ☐ नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- ☐ लैङ्गिक समानता तथा सशक्तीकरणका लागि बाधकको रूपमा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- ☐ महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरूको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्बन्धित स्थानीय तहमा समन्वय गर्ने,
- ☐ महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्ने गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

राष्ट्रिय महिला आयोग नारायणहिटी, काठमाडौं
२०८३/८/६

- ☐ महिला केन्द्रित अर्थतन्त्र, महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरू ।

## ग) नीति निर्माण, अन्तरराष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा:

- ☐ महिलाको हकहितसँग सम्वन्धित कानुन वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- ☐ महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,
- ☐ नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- ☐ महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानुन निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय/निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,
- ☐ आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानुन निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ☐ आयोगले सम्पन्न गरेका कामहरूको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- ☐ सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरूको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ☐ सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरूको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

## घ) उजूरी तथा मुद्दा व्यवस्थापन शाखा:

- ☐ आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,
- ☐ आयोगलाई आवश्यक परेको विषयमा कानुनी राय दिने सम्बन्धी कार्य,
- ☐ आवश्यक कानुन निर्माण सम्बन्धी कार्य,
- ☐ आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- ☐ आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,
- ☐ उजुरी व्यवस्थापनको क्रममा आवश्यकता अनुसार सम्वन्धित निकायहरूमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- ☐ कानुन बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- ☐ उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- ☐ नीति निर्माण, कानुन निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानुनी राय प्रदान गर्ने सम्बन्धी कार्य,

राष्ट्रिय महिला आयोग, काठमाडौं
२०८३।८।६

- ☐ तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,
- ☐ पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानुनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- ☐ महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,
- ☐ महिलासँग सम्वन्धित कानुनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- ☐ महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानुनहरूको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ☐ महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
- ☐ पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

### ङ) आर्थिक प्रशासन शाखा:

- ☐ आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- ☐ निकासा एवं खर्चको प्रबन्ध मिलाउने र निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- ☐ खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखापरीक्षण गराउने,
- ☐ आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- ☐ पेश्की बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौट गर्ने र अद्यावधिक गराउने,
- ☐ आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- ☐ आयोगको आर्थिक कारोबारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

## ५. आयोगबाट प्रदान गरिने सेवाहरू:-

### क) आयोगले सम्पादन गर्दै आएका प्रमुख कार्यहरू:

क) महिलाको हक, हित र अधिकारको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन;

ख) नेपाल सरकार र अन्य निकायबाट सञ्चालन भएका महिला विकाससम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्ने;

ग) महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी आवश्यक सिफारिस गर्ने;

घ) सरोकारवाला निकायहरूसँग साझेदारी तथा समन्वय गर्ने;

ङ) "खबर गरौं ११४५ हेल्पलाइन सेवा" मार्फत हिंसा पीडित महिलालाई मनोसामाजिक परामर्श तथा कानूनी परामर्श उपलब्ध गराई न्यायिक उपचारका लागि सहयोग गर्ने।

आयोगले माथिका विषय क्षेत्रमा आधारित रही देहायका कार्य सम्पादन गर्दछ;

- ☐ महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,
- ☐ नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्बन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने र सुझाव दिने,
- ☐ लैङ्गिक बजेट विनियोजन भए नभएको, महिलामैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,
- ☐ घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरूको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने साथै विभिन्न संघसंस्थाहरूसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ,
- ☐ **मनोसामाजिक परामर्श सेवा:** पीडितहरूलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।
- ☐ **कानुनी परामर्श सेवा:** आयोगमा पीडितहरूको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।
- ☐ **अल्पकालीन आश्रय सेवा:** घर-परिवारमा मिलेर बस्न नसक्ने पीडितहरूको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।
- ☐ **आकस्मिक सहायता:** पीडितहरूलाई ध्यानमा राखी तत्काल औषधिउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

## ६. सेवा प्रदान गरिने शाखा तथा जिम्मेवार पदाधिकारीहरू:-

| क्रसं | शाखा | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | उपसचिव: रोशनी देवी कार्की<br>शाखा अधिकृत: दयाराम पौडेल<br>शाखा अधिकृत: समिता थापा | |
| २ | उजुरी तथा मुद्दा व्यवस्थापन शाखा | उपसचिव: मञ्जु कुमारी पोखरेल<br>कानून अधिकृत: संगीता बडाल<br>सहायक न्यायाधिवक्ता: गायत्री वाग्ले<br>कानून अधिकृत: प्रकृति बानियाँ<br>मनोसामाजिक परामर्शकर्ता:<br>निर्मला बस्नेत, तुलसा कुमारी कट्टुवाल घिमिरे | |
| ३ | नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उपसचिव: लक्ष्मी आचार्य पराजुली<br>कानून अधिकृत: सृष्टि पौडेल | |
| ४ | महिला विकास समन्वय शाखा | प्रमुख म.वि.अधिकृत: सीता अधिकारी<br>म.वि. अधिकृत: शकुन्तला घिमिरे आचार्य | |

| | | | |
|---|---|---|---|
| ६ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत: सुमित कुमार यादव<br>लेखापाल: शोभा कला वस्ती | |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी:-

राष्ट्रिय महिला आयोगमा सेवा प्राप्त गर्न/ उजुरी गर्न कुनै शुल्क तथा दस्तुर लाग्दैन। चौबीसै घण्टा सञ्चालन हुने हेल्पलाइन सेवा समेत नि:शुल्क छ। सोका लागि 1145 मा कल गर्न सकिन्छ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी:-

प्रचलित कानूनबमोजिम जिम्मेवार कर्मचारी तथा पदाधिकारीहरूले तोकिएका शर्तका अधीनमा रही आफूलाई प्राप्त अधिकारबमोजिम निर्णय गर्ने गरिएको छ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी:-

आवश्यकताअनुसार आयोगका अध्यक्ष, सदस्यहरू तथा आयोगका सचिव ।

## १०. सम्पादन गरेको कामको विवरण:-

### क) दिवश, पर्व तथा बार्षिक कार्यक्रम सम्पादन:

- रुकुम पूर्व जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकामा यौन, प्रजनन स्वास्थ्य र विवाहसम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- संघीय मन्त्रालय तथा आयोगहरूमा कार्यस्थल स्वस्थ्य र मर्यादित बनाउनेसम्बन्धी आचारसहिता निर्माण गर्न अन्तरक्रिया तथा निरन्तर अनुगमन सञ्चालन गरिएको।
- योगमाया स्मृति दिवस (२०८३ असार २२ गते) कार्यक्रम सञ्चालन गरिएको।
- आयोगले प्रदान गरेको नि:शुल्क कानूनी सहायता: आवश्यकता र प्रभावकारिता सम्बन्धी अध्ययन र सरोकारवालासँग छलफल गरिएको।
- विभिन्न विधामा प्रथम नेपाली महिलाहरूको अध्ययन/ संक्षिप्त जीवनी प्रोफाइल निर्माण गरी वेब पोर्टलमार्फत प्रसारण गरिएको।
- महिला सशक्तीकरण सम्बन्धमा नेपाल टेलिभिजन मार्फत कार्यक्रम उत्पादन र प्रसारण निरन्तर सञ्चालन भएको।
- बझाङ जिल्लाको सदरमुकाम चरिकोटमा CEDAW: BPFA निष्कर्ष र सुझावसम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- महिलाको विशेष गरि बेतलबी घरेलु हेरचाह तथा स्याहार सुसार कामकाजको आर्थिक मापन सम्बन्धी अध्ययन र प्रतिवेदनको मस्यौदामाथि अन्तरक्रिया गरिएको।
- नीतिगत सिफारिस गरिएका निकायबाट सिफारिस कार्यान्वयनको प्रगति प्राप्त गरी विश्लेषणको क्रममा रहेको।

- महिलाको हक अधिकार कार्यान्वयनका अवस्था, लैङ्गिक न्यायका सवाल, OCMC को प्रभावकारिता, लैङ्गिक हिंसा पीडितका लागि नि:शुल्क कानूनी सहायताको प्रभावकारिता लगायतका विषयमा निरन्तर अनुगमन गरिएको।

## ख) आयोगका पदाधिकारीहरूको सहभागिता/ संयोजन तथा अनुगमनसम्बन्धी:

- आयोगका अध्यक्ष मा. कमला कुमारी पराजुलीद्वारा केन्द्रीयस्तरमा भएका अध्ययन, छलफल, दिवश तथा कार्यक्रमहरूका अलावा २०८३।०१।१०मा बझाङ जिल्लामा सञ्चालन भएको CEDAW: BPFA निष्कर्ष र सुझाव सम्बन्धी अन्तरक्रिया कार्यक्रममा अध्यक्षता गरिएको।
- आयोगका सदस्य मा. कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा २०८३/०१/०६ देखि दोलखा जिल्ला र रामेछाप जिल्लामा, २०८३/०१/१७ देखि २०८३/०१/२३ सम्म ताप्लेजुङ जिल्ला र तेह्रथुम जिल्लामा महिला अधिकार, लैङ्गिक न्याय र OCMC को प्रभावकारिता सम्बन्धी अनुगमन कार्यक्रम सम्पादन गरिएको।
- आयोगका सदस्य मा. विद्या कुमारी सिन्हाको नेतृत्वमा २०८३/०१/२० देखि रसुवा जिल्ला र नुवाकोट जिल्लामा २०८३/०२/१६ देखि बारा जिल्ला, पर्सा जिल्ला र सर्लाही जिल्लामा र २०८३/०३/१४ देखि दोलखा जिल्ला र रामेछाप जिल्लामा महिला अधिकार, लैङ्गिक न्याय र OCMC को प्रभावकारिता सम्बन्धी अनुगमन कार्यक्रम सम्पादन गरिएको।
- आयोगका सदस्य मा. साबित्रा कुमारी शर्माको नेतृत्वमा २०८३/०१/१३ देखि कास्की जिल्ला र चितवन जिल्लामा साथै २०८३/०३/०८ देखि बर्दिया जिल्लामा महिला अधिकार, लैङ्गिक न्याय र OCMC को प्रभावकारिता सम्बन्धी अनुगमन कार्यक्रम तथा २०८३।०२।०६ देखि रुकम पूर्वको पुथा उतरगंगा गाउँपालिकामायौन प्रजनन् स्वास्थ्य तथा विवाह सम्बन्धी सरोकारवालाहरुको अन्तरक्रृया कार्यक्रम सम्पादन गरिएको।
- आयोगका पदाधिकारीहरूद्वारा राष्ट्रिय महिला आयोगको तर्फबाट विभिन्न निकाय, संघ-संस्था लगायतको कार्यक्रममा नियमित रूपमा प्रतिनिधित्व, अनुगमन तथा अन्तरक्रियात्मक कार्यक्रमलाई निरन्तर रूपमा सम्बोधन गर्ने गर्नुभएको।

## ग) उजुरी व्यवस्थापन:

| क्रसं | उजुरी | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा (MC) | ३९ | ३७ | २६ | १०२ |
| ३ | मेलमिलाप भएको | ३४ | २२ | ४५ | १०१ |
| ४ | ठाडो उजुरी | ९ | ३ | १५ | २७ |
| ५ | परामर्श सेवा (NC) | ५९ | २२ | ४४ | १२५ |
| ६ | हेल्पलाइन फलोअप | ३३९ | ४३२ | ३३३ | ११०४ |
| ७ | Information Calls | २०४ | २९३ | १६१ | ६५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | इमेल/ अनलाइन केस | २८ | १८ | ० | ४६ |
| ९ | OR | २३ | २१ | ७ | ५१ |
| १० | OCMC पठाइएको | | | | ७ |
| १२ | पत्रव्यवहार | | | | ३८ |
| १३ | कानूनी सहायता(LACC) | | | | ७ |
| १४ | कानूनी सहायता(NBA) | | | | ६ |
| १५ | विदेशी सेवाग्राही | | | | ० |
| १६ | नेपाली सेवाग्राही | | | | ७६८ |

### घ) आर्थिक कारोबार:

| क्रसं | शीर्षक | बजेट | यस त्रैमासको खर्च | प्रतिशत | हालसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चालू खर्च | ६८५७८ | १६०३५ | २३ | ५००६१ | ७३ |
| २ | पूँजीगत खर्च | २१०० | ५८३ | २८ | ६७२ | ३२ |
| ४ | पदाधिकारी खर्च | ९३१० | १९५४ | २१ | ७२६२ | ७८ |
| | जम्मा | ७९९८८ | १८५७२ | २३ | ५७५९१ | ७२ |

## ११. "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सम्बन्धी जानकारी:-

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरूलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले "खबर गरौं हेल्पलाइन ११४५ सेवा" को सञ्चालन गरिएको छ। यस हेल्पलाईनमा फोन, स्वयं उपस्थित भएर, इमेल वा वेबसाईटबाट पनि सम्पर्क गर्न सबै प्रकारको व्यवस्था गरिएको छ ।

### क) हेल्पलाइन सेवाको उद्देश्य:

- ☐ लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित मुख्य सरोकारवालाहरूमा जनचेतना अभिवृद्धि गर्ने;
- ☐ लैङ्गिकतामा आधारित हिंसा विरुद्ध नि:शुल्क हेल्पलाइन सेवा (टेलिफोन सेवा) सञ्चालन गर्ने;
- ☐ राष्ट्रिय महिला आयोगको सेवा प्रवाहलाई अझ चुस्त, गुणस्तरीय तथा व्यापक बनाउने;
- ☐ हालको कार्यलाई थप प्रभावकारी बनाउनका लागि अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा वृद्धि गर्ने;
- ☐ आवश्यक अध्ययन र छलफल पश्चात् हेल्पलाइन सेवाको प्रदेश स्तरमा विस्तार गर्ने।

### ख) हेल्पलाइन सेवाको उपलब्धि:

- ☐ घरेलु तथा लैङ्गिक हिंसाको समस्या वा प्रभावमा परेका महिला तथा बालबालिकाका लागि हेल्पलाइन उजुरी गर्न सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ;
- ☐ समस्यामा परेका महिला तथा बालबालिकाले हेल्पलाइनमा आफ्ना कुराहरू निर्धक्कसाथ राख्ने गरेका छन् र आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्न गरेका छन्;
- ☐ हिंसा प्रभावितहरूको विश्वास आर्जन गर्न सकेको छ भने अर्कोतर्फ हिंसाको तत्कालै सम्बोधन हुने हुनाले उनीहरूको न्याय, प्रभावितहरू तथा तिनका आश्रितहरूको संरक्षण र सरल तथा सहज न्याय प्राप्तिको मार्गलाई सुनिश्चित गरेको छ;
- ☐ जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई तत्काल राहत प्रदान गर्न विभिन्न आश्रय स्थलमा पठाउने गरिएको छ;
- ☐ कानुनी सहायता केन्द्र (LACC) र नेपाल बार एशोसियशनमार्फत् कानुनी उपचारका लागि निःशुल्क कानुनी सेवा प्रदान गर्दै आइरहेको छ;
- ☐ लैङ्गिक हिंसा निवारणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा वृद्धि भएको छ;
- ☐ सेवा प्रदायक संस्थाहरूबाट उपलब्ध हुने सेवाको बारेमा Mapping गरिएको छ।

## १२. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण:-

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | शंकरहरि आचार्य | सचिव |
| २ | दयाराम पौडेल | शाखा अधिकृत |

## १३. आयोग सम्बन्धित ऐन, नियमावली, कार्यविधी, निर्देशिकाहरूको सूची:-

- राष्ट्रिय महिला आयोग ऐन, २०७४
- राष्ट्रिय महिला आयोग नियमावली, २०७४
- राष्ट्रिय महिला आयोगको बैठक सञ्चालसम्बन्धी कार्यविधी, २०७८
- लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउने सेवा प्रदायक संस्था छनौट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८
- राष्ट्रिय महिला आयोग आन्तरिक निर्देशिका, २०७८
- राष्ट्रिय महिला आयोगका कर्मचारी तथा पदाधिकारीका लागि तयार गरिएको आचारसहिता, २०८०

## १४. आयोगको वेबसाइट तथा सञ्चार माध्यमसम्बन्धी जानकारी:-

आयोगको मुख्य वेबसाइट: https://nwc.gov.np/

खबर गरौं ११४५ हेल्पलाइनको वेबसाइट: https://nwchelpline.gov.np/

प्रशासनिक कामका लागि इमेल: info@nwc.gov.np

लैङ्गिक हिंसासम्बन्धी उजुरीका लागि इमेल: casemanagement@nwc.gov.np
लैङ्गिक हिंसासम्बन्धी उजुरीका लागि टोल फ्रि नं: 1145

## १५. आयोगले प्राप्त गरेका वैदेशिक सहायताको विवरण:-

आयोगले वैदेशिक सहायताबाट कुनै पनि कार्यक्रम सञ्चालन गरेको छैन।

## १६. वर्गीकरण तथा संरक्षण गरेको सूचनाको विवरण:-

आयोगले सूचना माग गर्ने व्यक्ति/ संस्थालाई प्रचलित कानूनबमोजिम दिन मिल्ने सबै प्रकारका सूचनाहरू उपलब्ध गराउने गरेको छ। सूचना दिन नसकिने रूपमा वर्गीकरण भएकोमा निजलाई सो को जानकारीसमेत उपलब्ध गराउने गरेको छ।

## १७. सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय:-

आयोगमा सूचना माग गर्ने सम्बन्धित व्यक्ति/ संस्थालाई निजलाई उपलब्ध गराउन सकिने प्रकारका सबै सूचनाहरू उपलब्ध गराउने गरेको छ।

## १८. आयोगको सूचना प्रकाशन भएको/ हुने अन्य माध्यम:-

आयोगले वेबसाइट मार्फत आफूसम्बन्धित सूचनाहरू नियमित रूपमा प्रकाशन गर्ने गरेको छ।